# खेलमैदानहरूको निर्माण एवम् स्तरोन्नति सम्बन्धी मापदण्ड, २०७८

**प्रस्तावना:**

खेलकुदको माध्यमवाट व्यक्तिको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकासका साथै सामाजिक एकता तथा प्रदेश एवम् राष्ट्रिय गौरबको अभिवृद्धिको लागि खेलमैदान, रङ्गशाला, कभर्डहल जस्ता खेल पूर्वाधारको विकास गर्न आवश्यक भएकाले मन्त्रालयको आ.ब.२०७८/७९ को बार्षिक कार्यक्रम तथा बजेटमा समावेश भएको खेलमैदानहरूको निर्माण एवम् स्तरोन्नति कार्यक्रम कार्यान्वयन गर्न प्रदेश सरकार, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेशबाट यो मापदण्ड स्वीकृत गरिएको छ ।

**१. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डको प्रयोजनको लागिः**

क. **खेल पूर्वाधार** भन्नाले खेलमैदान, रङ्गशाला, कभर्डहल वा खेल पूर्वाधार सम्बन्धी संरचना भन्ने सम्झनु पर्छ ।

ख. **मन्त्रालय** भन्नाले युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेश भन्ने सम्झनु पर्छ ।

ग. **परिषद्** भन्नाले प्रदेश खेलकुद परिषद् गण्डकी प्रदेश भन्ने सम्झनु पर्छ ।

घ. **स्थानीय तह** भन्नाले गण्डकी प्रदेश भित्रका नगरपालिका र गाउँपालिकाहरू सम्झनु पर्छ ।

ङ. **संस्था** भन्नाले खेलमैदान निर्माण गर्न चाहने नियमानुसार दर्ता भएका युवा क्लब, खेल संघ, खेल संस्था, विद्यालय, स्थानीय तह जस्ता खेल गतिविधि गर्ने संस्था भन्ने सम्झनु पर्छ ।

**२. कार्यक्रमको उद्देश्यः** खेल पूर्वाधारहरूको निर्माण गरी प्रदेशमा खेल पूर्वाधारको निर्माण एवम् स्तरोन्नति गर्ने ।

**३. प्रस्ताव आव्हान गर्नेः** (१) खेल पूर्वाधार निर्माणका लागि अनुदान उपलब्ध गराउन राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा १५ दिनको सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना मन्त्रालयको वेबसाइटमा समेत राखिनेछ ।

**४. प्रस्ताव पेश गर्नेः** (१) खेल पूर्वाधार निर्माणका लागि अनुसूची– १ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी जिल्ला खेलकुद विकास समिति वा परिषद् वा मन्त्रालयमा पेश गर्न सकिनेछ।जिल्ला खेलकुद विकास समिति र परिषद्मा प्राप्त प्रस्तावहरू दर्ता गरी सात दिन भित्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव पेश गर्न नियमानुसार सम्बन्धित निकायमा दर्ता भएका युवा क्लब, खेल संघ, खेल संस्था, विद्यालय, स्थानीय तह जस्ता खेल गतिविधि गर्ने संस्था हुनुपर्नेछ ।

(३) उपदफा (१) वमोजिमको प्रस्ताव साथ देहायका कागजातहरु समेत पेश गर्नुपर्नेछ ।

(क) संस्थाको निवेदन,

(ख) अनुसूची १ बमोजिमको ढाँचामा प्रस्ताव,

(ग) संस्था दर्ता र नविकरण सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि,

(घ) खेलमैदान निर्माण हुने जग्गाको जग्गाधनी प्रमाणपत्र वा स्थानीय तहबाट उक्त जग्गाको क्षेत्रफल खुलाई उपयोग गर्न दिएको सिफारिस पत्र ।

(ङ) संस्थाको निर्णयको प्रतिलिपि ।

(च) योजनाको लागत अनुमान

**५. प्रस्ताव छनौटको आधारः** खेलमैदान निर्माणका लागि अनुदान उपलव्ध गराउने प्रयोजनको लागि मूल्याङ्कन गर्न अनुसूची –२ बमोजिमका आधारहरु अवलम्बन गरिनेछ ।

**६. प्रस्तावको मूल्याङ्कन र सिफारिसः** (१) दफा ४ को उपदफा (१) बमोजिम प्राप्त हुन आएका प्रस्तावहरुको मूल्याङ्कन गरी सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको एक मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ ।

(क) युवा तथा खेलकुद महाशाखा प्रमुख –संयोजक

(ख) प्रदेश खेलकुद परिषद्को सदस्य सचिव वा निजले तोकेको प्रतिनिधि – सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य

(घ) कानून अधिकृत – सदस्य

(ङ) सम्बन्धित शाखाको अधिकृत – सदस्य सचिव

(२) छनौट समितिमा आवश्यकता अनुसार परिषद्का उपाध्यक्ष र विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) मूल्याङ्कन तथा सिफारिस कार्यको लागि मन्त्रालयले आवश्यकता अनुसार निर्माण स्थलको स्थलगत निरीक्षण गर्न गराउन सक्नेछ।

(४) प्राप्त प्रस्तावहरुलाई अनुसूची – २ मा उल्लेखित आधार बमोजिम मूल्याङ्कन गरी मूल्यांकन तथा सिफारिस समितिले स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्नेछ ।

(५) उपदफा (४) बमोजिम सिफारिस गर्दा प्रस्तावहरूको मूल्याङ्कनका आधारमा अनुदान रकम निर्धारण गरी सिफारिश गर्न सक्नेछ।

**७. छनौटको निर्णय गर्नुपर्नेः** (१) मन्त्रालयले दफा 6 को उपदफा (४) बमोजिम भएको सिफारिस सम्बन्धमा निर्णय गर्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको निर्णय सम्बन्धी विवरण मन्त्रालयको वेबसाइट मार्फत् सार्वजनिक गरिनेछ।

**८. बार्षिक विकास कार्यक्रममा समावेश भएका खेलमैदान निर्माण सम्बन्धी व्यवस्थाः** आर्थिक बर्ष 2078/७९ को बार्षिक विकास कार्यक्रम तथा बजेटमा नेपाल सरकारबाट सशर्त कार्यक्रमको रूपमा वा प्रदेश समानीकरण

तर्फ समावेश भएका खेलकुद पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रमको कार्यान्वयन सम्बन्धी व्यवस्था यसै मापदण्ड बमोजिम हुनेछ ।

९. **कार्यक्रम कार्यान्वयन सम्बन्धी सम्झौताः** (१) स्वीकृत कार्यक्रमहरुको कार्यान्वयनका लागि सम्बन्धित संस्थाले १५ दिन भित्र मन्त्रालयसँग सम्झौता गरिसक्नु पर्नेछ ।सम्झौताको ढाँचा अनुसूची ३ बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा अन्य कुराको अतिरिक्त कार्यक्रम कार्यान्वयन प्रक्रिया, अवधि, जम्मा बजेट, लागत साझेदारी, भुक्तानीको प्रक्रिया र मन्त्रालयले आवश्यक ठानेका शर्तहरु उल्लेख गर्न सक्नेछ ।

10. **शौचालय निर्माण गर्नुपर्नेः** खेलमैदान निर्माण हुने स्थलमा सम्बन्धित संस्थाको शौचालय नभएको खण्डमा अनिवार्य रूपमा शौचालय निर्माण गर्नु पर्नेछ ।

११. **योजना सञ्चालनः** (१) योजना कार्यान्वयनको सम्झौता भएपछि सम्बन्धित संस्थाले जतिसक्दो छिटो कार्यारम्भ गर्नुपर्नेछ । योजना कार्यान्वयन गर्ने संस्थाले लागत अनुमानका आधारमा कार्ययोजना तयार गरी सोही आधारमा कार्य सञ्चालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यारम्भ भएपछि सम्बन्धित संस्थाले सोको लिखित जानकारी जिल्ला खेलकुद विकास समिति, परिषद् र मन्त्रालयलाई दिनु पर्नेछ ।

(३) योजना कार्यान्वयन गर्दा संस्थाले सम्बन्धित स्थानीय तह र जिल्ला खेलकुद विकास समितिसँग समन्वय गर्नुपर्ने छ ।

(४) योजनाको कार्यान्वयन गर्दा लैङ्गिक, अपाङ्गता जस्ता पक्षको हिसावले अनुकुल हुनेगरी कार्यान्वयन गर्नुपर्ने छ ।

(५) सम्झौता बमोजिम कार्यसम्पादन नभएमा वा रकमको दुरुपयोग गरेको पाईएमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

१२. **वातावरणीय पक्ष र विपद् सम्बन्धी व्यवस्थाः** (१) योजनाको कार्यान्वयनमा निर्माण कार्य गर्दा वातावरण सम्बन्धी कानुनको पालना गर्दै विपद्को समयमा समेत उपयोग हुनेगरी निर्माण गर्नुपर्ने छ ।

१३. **भुक्तानी सम्बन्धी व्यवस्थाः** (१) योजना सम्पन्न भए पश्चात प्राविधिक मूल्याङ्कनको आधारमा आवश्यक बील भरपाई पेश भएपछि नियमानुसार भुक्तानी हुनेछ ।

(२) सम्बन्धित संस्था निर्णय सहित पेश्की माग भएमा सम्झौतामा उल्लेख गरी नियमानुसार पेश्की दिन सकिनेछ ।

१४. **कार्यक्रम अनुगमनः** (१) योजनाको अनुगमन मन्त्रालय, परिषद्, जिल्ला खेलकुद विकास समिति र स्थानीय तहले गर्न सक्नेछन् ।

(२) अनुगमनको सिलसिलामा दिइएका निर्देशन एवं सुझावहरु पालना गर्ने जिम्मेवारी योजना सञ्चालन गर्ने संस्थाको हुनेछ ।

१५. **प्रतिवेदन सम्बन्धी व्यवस्थाः** सम्बन्धित संस्थाले कार्य सम्पन्न भए पश्चात भुक्तानी माग गर्दा अनुसूची – ४ बमोजिमको ढाँचामा मन्त्रालयलाई कार्य सम्पन्न प्रतिवेदन समेत उपलब्ध गराउनु पर्नेछ ।

१६. **अन्य व्यवस्थाः** यस मापदण्डमा उल्लेख नभएका व्यवस्थाहरूको हकमा गण्डकी प्रदेश सरकारको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" र प्रचलित कानून बमोजिम हुनेछ ।

१७. **बाधा अड्काउ फुकाउ तथा संशोधनः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा वा संशोधन एवम् हेरफेर गर्न आवश्यक परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन वा संशोधन गर्न सक्नेछ ।

**अनुसूची -१**

**(दफा 4 (१) सँग सम्बन्धित)**

## खेल पूर्वाधारको निर्माण एवम् स्तरोन्नति लागि पेश गर्ने प्रस्तावको ढाँचा

**१. संस्था सम्बन्धी विवरणः**

(क) संस्थाको नाम..........................................................

(ख) ठेगानाः जिल्लाः .................... स्थानीय तहः.............

(ग) वडा नः ..........

(घ) सम्पर्क व्यक्तिको नामः ................................

(ङ) मोबाईल नं. ...........................

ईमेलः ...........................................

बैकल्पिक सम्पर्क नः ..................

**२. योजनाको संक्षिप्त विवरण**

(च) योजनाको नामः ..................................................

(छ) योजना कार्यान्वयन हुने स्थलः ......................... जग्गाको

(ज) क्षेत्रफलः .................. ..........

(झ) आवश्यक पर्ने कूल रकम रु. ......................

(ञ) अक्षरमाः .......................................)

(ट) मन्त्रालयसँग माग गरिएको रकम रूः ........................

(ठ) (अक्षरमा. ........................................)

(ड) आर्थिक सहायता गर्ने अन्य निकायहरू र सहयोग रकमः ........................

(ढ) कार्यक्रम सम्पन्न हुने मितिः ..........................

**३. कार्यक्रमको प्रस्ताव**

(क) कार्यक्रमको पृष्ठभूमिः ............................ ................
.................... .................................. ..............
.............. ......
..............................................................................
........................

(ग) कार्यक्रमको उद्देश्यः

क) ............................ .................. ..................

ख) ................................................ .............. ..............

(ङ) खेलमैदानको हालको अवस्थाः ............................ ...............
............... ............................ .............. ..............
......

(च) निर्माण/सम्पन्न गर्नुपर्ने कार्यहरुः .... ........... ........ ..... ..........
...... .... ......... .......... ............ ............

.............. ...... .................. ............... ..........
........ ........

(छ) अपेक्षित उपलब्धिः ............................ .................
................... ............... ....... ..

लाभान्वित समूह र संख्याः ......... .......... ..............

रोजगारी सिर्जनाः (क) योजना कार्यान्वयनको क्रममाः ...............

(ख) सम्पन्न भएपश्चातः ... .......

**आवश्यक कागजातहरुः**

(क) संस्थाको निवेदन,

(ख) अनुसूची १ बमोजिमको ढाँचामा प्रस्ताव,

(ग) संस्था दर्ता र नविकरण सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि,

(घ) सम्बन्धित गाउँपालिका वा नगरपालिकाको जग्गाको क्षेत्रफल खुल्ने सिफारिस पत्र,

(ङ) संस्थाको निर्णयको प्रतिलिपि ।

(च) योजनाको लागत अनुमान

प्रस्ताव पेश गर्ने संस्थाको तर्फबाट

नामः हस्ताक्षरः

पदः मितिः

संस्थाको छापः सम्पर्क नः

## अनुसूची -२

**(दफा 5 सँग सम्बन्धित)**

## खेलमैदानहरूको निर्माण एवम् स्तरोन्नति लागि योजना छनौटका आधारहरु

| क्र.सं | सूचक | प्राप्ताङ्क | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | खेल मैदानसम्बन्धी पूर्वाधारको अवस्था | २० | | |
| २ | खेल मैदानको बहुउपयोगीता | १० | | कुनै एक खेलका लागि ४, प्रति थप खेलका लागि २ अंकका दरले |
| ३ | उपलब्ध जग्गाको क्षेत्रफल | १० | | प्रति रोपनीको लागि १अङ्कका दरले । |
| ४ | लागत साझेदारी | १५ | | हरेक ५ % साझेदारीको लागि १.५ अङ्कको दरले ५० % सम्म |
| ५ | लागत इष्टिमेट सहितको कार्ययोजना | १० | | लागत अनुमानः ५, कार्ययोजनाः ५ |
| ६ | प्रत्यक्ष लाभान्वित हुनेको संख्या | १५ | | प्रति एक सय ३ अङ्कका दरले । |
| ७ | आफ्नै जग्गा प्रमाण पुर्जा वा जग्गा उपयोग सम्बन्धी स्थानीय तहको सिफारिस | १० | | आफ्नै जग्गा प्रमाण पुर्जा भएमा १०, उपयोगको सिफारिस ५ |
| ८ | खेल मैदानको उपयोग तथा संरक्षणको सुनिश्चितता | १० | | मूल्याङ्कन तथा सिफारिस समितिको मूल्याङ्कन बमोजिम हुने । |
| जम्मा | | १०० | | |

नोटः कुल अंक मध्ये ४० अंक वा सो भन्दा बढी अंक प्राप्त गर्ने प्रस्ताव छनौट समितिले योग्यता सूचीका आधारमा स्वीकृतीका लागि सिफारिस गर्नेछ ।

## अनुसूची -३

(दफा ९ (१) सँग सम्बन्धित)

युवा तथा खेलकुद मन्त्रालय

गण्डकी प्रदेश ।

....... जिल्ला ........... नगर गाउँपालिका .........स्थित. ............................................. र युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेशकाबीचमा भएको खेलपूर्वाधार निर्माण सम्बन्धी सम्झौता

गण्डकी प्रदेश, युवा तथा खेलकुद मन्त्रालयको आ.व. २०७८/२०७९ को बार्षिक कार्यक्रम खेलमैदानहरूको निर्माण एवम् स्तरोन्नति अन्तरगत ................................ नगरपालिका/गाउँपालिकाको वडा नं ........ मा ......................................... निर्माण कार्यक्रम सम्पन्न गर्न ........................... र ....................... युवा तथा खेलकुद मन्त्रालय, निम्नानुसार गर्न मन्जुर भई यो सम्झौता गरिएको छ ।

(क) कार्यक्रमको विवरण

१. कार्यक्रमको नामः ...........................

२. ठेगानाः .........................................

३. कार्यक्रम कार्यान्वयन हुने स्थलः ...............................

४. कार्यक्रमको उद्देश्यः ...........................
.................... ...................

५. कार्यक्रम सुरु हुने मितिः ................... ६. कार्यक्रम सम्पन्न हुने मितिः .................

(ख) कार्यक्रमको लागत

१. कार्यक्रमको कूल लागत रुः...................।

(अक्षरेपी.................................) मात्र

२.    लागत व्यहोर्ने स्रोतहरूः

२.१. युवा तथा खेलकुद मन्त्रालयः रु................ .....................

२.२. स्थानीय तहः रु........................

२.३. अन्य स्रोतबाटः रु .................

(ग) कार्यक्रम कार्यान्वयन गर्दा सम्पन्न गरिने मुख्य कार्यहरु र अनुमानित लागतको विवरणः

| सि.नं. | मुख्य कार्यहरु | परिमाण | अनुमानित लागत | सम्पन्न गर्न लाग्ने समय | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

(घ) कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था

१.    यस सम्झौता बमोजिम कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय तह, सम्बन्धित संस्था तथा गर्ने समिति/संस्था/निर्माण व्यवसायीले सार्वजनिक खरिद कानुनको पालना गर्नुपर्ने छ ।

माथि उल्लेखित व्यवस्था र शर्त अनुसार आयोजना कार्यान्वयन गर्न गराउन हामी निम्न पक्षहरू मन्जुर गर्दछौं ।

**संस्थाको तर्फबाट**

दस्तखतः

नाम थरः ..................

पदः ......................

सम्पर्क नः ......................

छापः

मितिः

**मन्त्रालयको तर्फबाट**

दस्तखतः

नाम थरः

पदः

छापः

मितिः

**रोहवरः**

| | |
|---|---|
| दस्तखत | दस्तखत |
| नामः | नामः |
| पदः | पदः |

## अनुसूची –४

**(दफा १2 (३) सँग सम्बन्धित)**

**कार्य सम्पन्न प्रतिवेदनको ढाँचा**

संस्थाको नाम र ठेगानाः ................................

योजनाको नामः ............................

लागत अनुमानको कुल अंक रु. .....................

काम सुरु भएको मितिः ....................... . . . . . . . ....

सम्पन्न गर्नुपर्ने मितिः .............. . . . . . .......

काम सम्पन्न भएको मितिः .....................................

योजना सञ्चालन हुने स्थानः . . . . . . . . . . . . . . . . . . . .

| **अनुदानको विवरण** | | |
|---|---|---|
| स्रोत | अनुदान रु. | खर्च रु. |
| युवा तथा खेलकुद मन्त्रालय | | |
| अन्य | | |
| जम्मा | | |

| सि. नं. | कामको विवरण | एकाइ | लागत अनुमान बमोजिम | | | खुद खर्च भएको रकमको विवरण | | | फरक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | दर | जम्मा | परिमाण | दर | जम्मा | परिमाण | दर | घटी/बढी | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |

कैफियत महलमा घटी वा बढी भएको मुख्य कारण साथै अन्य आवश्यक कुरा लेख्ने ।

इष्टिमेट भन्दा बढी खर्च भएमा त्यसको मुख्य कारण .......................... ..................................... ................................. ............................

तयार पार्नेको नामः पदः हस्ताक्षरः

पेश गर्नेको नामः पदः हस्ताक्षरः

प्रमाणित गर्नेको नामः पदः हस्ताक्षरः

मितिः छापः